# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
चलानी नं. :
Ref.

## प्रेश विज्ञप्ति

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) खुला बोलकबोल कारोबार प्रणालीबाट मिति २०६४/५/७ गतेदेखि स्वचालित कम्प्युटरीकृत कारोबार प्रणालीमा प्रवेश गरी वानमार्फत सवै दलाल व्यवसायीहरुले आफ्नै कार्यालयबाट अनलाईन ट्रेडिङ्ग गरीरहेको साथै लगानीकर्ताहरुले इन्टरनेटमार्फत कारोबार गतिविधि लाईभ हेर्न पाउने व्यवस्था भइसकेको साथै चालु वर्षमा ग्राहकका लागि इन्टरनेटमा आधारित ट्रेडिङ्ग शुरुआत गर्ने कार्यक्रम समेत रहेको परिप्रेक्ष्यमा लगानीकर्ताहरुले पनि इन्टरनेटमार्फत सदस्य दलालहरुलाई आदेश दिने व्यवस्था गर्न इन्टरनेटमा आधारीत आधारभुत कारोबार प्रणालीमा जाने व्यवस्था गर्न लागिएको छ । केन्द्रीय निक्षेप प्रणालीको स्थापना पछि इन्टरनेटमा आधारित कारोबार प्रणाली पूर्णस्तरको हुनेछ ।

हाललाई इन्टरनेटमार्फत कारोबार गर्न देहायका सात सदस्य दलाल व्यवसायीहरुले आफ्नो वेभसाईट मार्फत नेप्सेले तोके बमोजिमको Basic Internet Based Trading System वाट आफ्ना व्यक्तिगत/संस्थागत ग्राहकसंग सम्झौता गरी उनीहरुलाई खरीद/विक्री इन्टरनेटमार्फत आदेश दिनसक्ने व्यवस्था गर्नेछन । यसका लागि नेप्सेले Basic Internet Based Trading System को Software वनाई सकेको छ ।

१. मार्केट सेक्युरीटीज एण्ड एक्सचेञ्ज प्रा. ली ( ब्रोकर नं -५)
२. खण्डेलवाल स्टक ब्रोकीङ्ग कम्पनी (ब्रोकर नं- १७)
३. नेपाल इन्भेष्टमेन्ट एण्ड सेक्युरीटीज प्रा. ली (ब्रोकर नं-१९)
४.स्वेता सेक्युरीटीज प्रा.ली. (ब्रोकर नं- २५)
५.श्रीकृष्ण सेक्युरीटीज ली.(ब्रोकर नं-२८)
६. त्रिशुल सेक्युरीटीज एण्ड इन्भेष्मेन्ट ली.(ब्रोकर नं-२९)
७. प्राईमो सेक्युरीटीज प्रा.ली. (ब्रोकर नं-१६)

माघको पहिलो सातादेखि यो प्रणाली उपर्युक्त दलाल व्यवसायीमार्फत संचालनमा आउनेछ । उपर्युक्त प्रणाली संचालनमा आएपछि लगानीकर्ताहरुलाई थप सुविधा उपलब्ध भई कारोबार प्रक्रिया थप चुस्त हुने तथा लगानीकर्ताको सहभागिता अझ बढ्ने अपेक्षा स्टक एक्सचेञ्जले गरेको छ ।

मिति : २०६५/९/९

(मुराहरि पराजुली)
सहायक प्रवक्ता

पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**E-mail : stock@enet.com.np**
साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.